# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, पुस ८ गते २०३९ साल (अतिरिक्ताङ्क ४१

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३९ सालको ऐन नं. २०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## दैवी प्रकोपसम्बन्धी उद्धार कार्यको लागि व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः दैवी प्रकोपबाट सर्वसाधारण जनताको जीउधन तथा सार्वजनिक सम्पत्तिको सुरक्षा गर्नको लागि उद्धार कार्यहरू गर्ने सम्बन्धमा व्यवस्था गर्न र सर्वसाधारण जनताको सुविधा कायम राख्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "दैवी प्रकोप (उद्धार) ऐन, २०३९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "दैवी प्रकोप" भन्नाले भूकम्प, आगलागी, आँधीबेरी, बाढी, पैह्रो, अतिवृष्टि, अनावृष्टि, अनिकाल, महामारी तथा यस्तै अन्य प्राकृतिक प्रकोपलाई सम्झनुपर्छ ।

(ख) "संकटग्रस्त क्षेत्र" भन्नाले दफा ३ बमोजिम घोषित संकटग्रस्त क्षेत्र सम्झनुपर्छ ।

(ग) "उद्धार कार्य" भन्नाले संकटग्रस्त क्षेत्रमा दैवी प्रकोपबाट सर्वसाधारण जनताको जीउधन तथा सार्वजनिक सम्पत्तिको सुरक्षाको लागि र जनतालाई परेको पीर मर्का तथा असुविधा हटाउनको लागि गरिने जुनसुकै उद्धारकार्य सम्झनुपर्छ ।

(घ) "केन्द्रीय समिति" भन्नाले दफा ५ बमोजिम गठित केन्द्रीय उद्धार समिति सम्झनुपर्छ ।

(ङ) "अञ्चल समिति" भन्नाले दफा ७ बमोजिम गठित अञ्चल उद्धार समिति सम्झनुपर्छ ।

(च) "जिल्ला समिति" भन्नाले दफा ७ बमोजिम गठित जिल्ला उद्धार समिति सम्झनुपर्छ ।

३. संकटग्रस्त क्षेत्र घोषणा गर्नेः (१) दैवी प्रकोपबाट असर परेको इलाकाको सिमाना तोकी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकिएको अवधिको लागि संकटग्रस्त क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र दैवी प्रकोपबाट उत्पन्न स्थितिलाई काबूमा ल्याउन नसकेमा त्यस्तो अवधि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार बढाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. श्री ५ को सरकारले आदेश दिन सक्नेः श्री ५ को सरकारले संकटग्रस्त क्षेत्रमा उद्धार कार्य गर्न गराउनको लागि देहायको कुनै वा सबै काम गर्ने आदेश आवश्यकतानुसार सम्बन्धित कसैलाई पनि दिन सक्नेछः–

(क) संकटग्रस्त क्षेत्रमा आवश्यकता अनुसार सरकारी वा गैह्र सरकारी कार्यालय, शिक्षण संस्था तथा अन्य संघ संस्थाहरूलाई केही अवधिको लागि बन्द गर्ने,

(ख) संकटग्रस्त क्षेत्रमा उद्धार कार्यमा प्रतिकूल असर पर्न सक्ने कुनै काम कारवाई गर्न नदिने,

(ग) सरकारी वा गैह्र सरकारी कार्यालय वा संस्थाका कर्मचारीहरूलाई काजमा खटाउने,

(घ) संकटग्रस्त क्षेत्रभित्रका व्यक्तिहरूलाई सुरक्षित स्थानमा सार्ने वा सार्न लगाउने,

(ङ) उद्धार कार्यको प्रयोजनका लागि कुनै व्यक्ति वा संस्थाको चल अचल सम्पत्ति उपयोग गर्न आवश्यक भएमा तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्ने,

(च) संकटग्रस्त क्षेत्रमा रहेका मालसामानहरू सुरक्षित स्थानमा सार्ने वा सार्न लगाउने,

(छ) सरकारी श्रोत तथा साधनलाई उपयोग गर्ने,

(ज) सम्बन्धित जिल्लाभित्रका गैह्र सरकारी कार्यालय, संस्था वा व्यक्तिको सवारी साधनलाई कुनै निश्चित अवधिसम्मको लागि नियन्त्रणमा लिने र प्रयोग गर्ने,

(झ) सम्बन्धित जिल्लाभित्रको गैह्र सरकारी कार्यालय, संस्था वा व्यक्तिको खाद्यान्न, लत्ता कपडा, औषधि, निर्माण सामग्री तथा अन्य वस्तुहरू नियन्त्रणमा लिने र दैवी प्रकोपद्वारा पीडित व्यक्तिहरूलाई वितरण गर्ने,

(ञ) संकटग्रस्त क्षेत्रमा पर्ने जग्गा, घर, कल-कारखाना, देव-देवालय तथा धार्मिक स्थल र अन्य यस्तै महत्त्वपूर्ण वस्तु वा स्थानलाई विनाश हुनबाट बचाउन उपाय गर्ने,

(ट) सहयोग टोलीहरू गठन गरी संकटग्रस्त क्षेत्रमा पठाउने,

(ठ) सर्वसाधारण जनताको जीउधनको रक्षाको लागि अन्य आवश्यक सुरक्षात्मक उपायहरूको व्यवस्था गर्ने,

(ड) श्री ५ को सरकारले तोकेको अन्य काम गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. केन्द्रीय समितिको गठन : (१) संकटग्रस्त क्षेत्रमा उद्धारकार्यसम्बन्धी नीतिको तर्जुमा गर्न, कार्यक्रम बनाउन र कार्यान्वयन गर्न तथा तत्सम्बन्धी अन्य आवश्यक काम कारवाई गर्न गराउनको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी केन्द्रीय उद्धार समिति गठन गर्न सक्नेछ । केन्द्रीय समितिको कार्य-विधि तथा सदस्यहरूको कार्य अवधि सोही सूचनामा तोकेबमोजिम हुनेछ ।

(२) उप-दफा (१) बमोजिम केन्द्रीय उद्धार समिति गठन गर्दा सो समितिमा देहायबमोजिमका सदस्यहरू रहनेछन् र सो सदस्यहरूमध्ये श्री ५ को सरकारले तोकेको सदस्य समितिको अध्यक्ष हुनेछः–

(क) गृहमन्त्री – सदस्य

(ख) स्वास्थ्यमन्त्री – सदस्य

(ग) अर्थमन्त्री – सदस्य

(घ) वाणिज्य तथा आपूर्तिमन्त्री – सदस्य

(ङ) रक्षामन्त्री – सदस्य

(च) परोपकारी तथा सामाजिक संस्थाबाट श्री ५ को सरकारबाट मनोनीत व्यक्तिहरू तीन जना – सदस्य

(छ) श्री ५ को सरकारबाट मनोनीत अन्य व्यक्तिहरू पाँच जना – सदस्य

(३) केन्द्रीय समितिको आन्तरिक कार्यविधि केन्द्रीय समिति आफैंले व्यवस्थित गर्न सक्नेछ ।

६. केन्द्रीय समितिको काम र कर्तव्य : केन्द्रीय समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछ :–

(क) दैवी प्रकोपबाट असर परेको इलाकालाई संकटग्रस्त क्षेत्र घोषणा गर्न श्री ५ को सरकारलाई सिफारिश गर्ने,

(ख) उद्धार कार्यसम्बन्धी नीतिको तर्जुमा गर्ने तथा सो नीति अनुसारको आवश्यक कार्यक्रम बनाई श्री ५ को सरकारसमक्ष पेश गर्ने,

(ग) खण्ड (ख) बमोजिमका नीति तथा कार्यक्रम श्री ५ को सरकारबाट स्वीकृत भएपछि कार्यान्वयन गर्ने गराउने,

(घ) केन्द्रीय दैवी प्रकोप सहायता कोषबाट नेपाल अधिराज्यभित्र तथा बाहिरबाट प्राप्त सहायता रकम, खाद्यान्न, लत्ता कपडा, औषधि, निर्माण सामग्री तथा अन्य वस्तुहरू सुरक्षितसाथ राख्ने र सो कोषबाट त्यस्तो वस्तुहरू आवश्यकतानुसार संकटग्रस्त क्षेत्रमा उद्धार कार्यको लागि पठाउने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) संकटग्रस्त क्षेत्रमा उद्धार कार्य गर्ने सामाजिक संघ संस्थाहरूलाई सम्मिलित गराउने र ती संघ संस्थाहरूको काम कारवाईमा समन्वय कायम गर्ने,

(च) उद्धार कार्यमा सहयोगको लागि टोलीहरू गठन गरी संकटग्रस्त क्षेत्रमा पठाउने,

(छ) अञ्चल समिति तथा जिल्ला समितिलाई उद्धार कार्य गर्ने गराउने सम्बन्धमा निर्देशन दिने,

(ज) संकटग्रस्त क्षेत्रमा उद्धार कार्यहरूको कार्यान्वियन सम्बन्धमा श्री ५ को सरकारले तोकेको अन्य कामहरू गर्ने,

(झ) श्री ५ को सरकारलाई समय समयमा कार्य प्रगतिको विवरण दिने ।

७. अञ्चल समिति तथा जिल्ला समितिको गठन : उद्धार कार्य गर्न गराउनको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार अञ्चल समिति तथा जिल्ला समिति गठन गर्न सक्नेछ । अञ्चल समिति र जिल्ला समितिको कार्यविधि तथा सदस्यहरूको कार्य अवधि सोही सूचनामा तोकेबमोजिम हुनेछ ।

८. अञ्चल समितिको काम र कर्तव्य : अञ्चल समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः–

(क) उद्धार कार्यहरूका सम्बन्धमा जिल्ला समितिहरूबीचमा समन्वय गन गराउने,

(ख) जिल्ला समितिहरूबाट संकटग्रस्त क्षेत्रमा भए गरेको उद्धार कार्यहरूको रेखदेख गर्ने र भइरहेको उद्धार कार्यमा टेवा पुऱ्याउने,

(ग) संकटग्रस्त क्षेत्रमा भए गरेको उद्धार कार्यहरूको सम्बन्धमा केन्द्रीय समितिलाई समय समयमा जानकारी दिने,

(घ) श्री ५ को सरकार र केन्द्रीय समितिको निर्देशन अनुसार कार्यहरू गर्ने ।

९. जिल्ला समितिको काम र कर्तव्यः जिल्ला समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः–

(क) श्री ५ को सरकार, केन्द्रीय समिति र अञ्चल समितिको मार्गदर्शनको अधीनमा रही संकटग्रस्त क्षेत्रमा उद्धार कार्य गर्ने,

(ख) दैवी प्रकोपद्वारा पीडित व्यक्तिहरूलाई आवश्यक पर्ने खाद्यान्न, लत्ता कपडा, आवास, औषधि र निर्माण सामग्री आदिको न्यूनतम परिमाणको जानकारी श्री ५ को सरकार, केन्द्रीय समिति, अञ्चल समितिलाई दिने,

859

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) श्री ५ को सरकार, केन्द्रीय समिति, अञ्चल समिति र जनताबाट प्राप्त नगद रकम, खाद्यान्न, लत्ता कपडा, औषधि तथा निर्माण सामग्री आदि दैवी प्रकोपद्वारा पीडित व्यक्तिहरूलाई वितरण गर्ने तथा उद्धार कार्य सम्बन्धी अन्य कार्यक्रम समेतको लागि प्रयोग गर्ने,

(घ) दैवी प्रकोपबाट घरबारविहीन व्यक्तिहरूलाई धर्मशाला, गौशाला, शिक्षण संस्था, सार्वजनिक स्थान, छाप्रो वा अन्य यस्तै स्थानमा बसोबासको व्यवस्था मिलाउने,

(ङ) उद्धार कार्यको लागि आवश्यकता अनुसार स्वयंसेवक भर्ना गर्ने,

(च) उद्धार कार्यको लागि आवश्यकता अनुसार विभिन्न उप-समितिहरू गठन गर्ने,

(छ) उद्धार कार्यमा सहयोगको लागि खटी आएका सहयोग टोलीहरूलाई उद्धार कार्यमा संलग्न गराउने,

(ज) संकटग्रस्त क्षेत्रमा भइरहेको उद्धार कार्यहरूको जानकारी समय समयमा केन्द्रीय समिति र अञ्चल समितिलाई दिने,

(झ) संकटग्रस्त क्षेत्रमा उद्धार कार्यको कार्यान्वयन सम्बन्धमा श्री ५ को सरकारले तोकेको अन्य कामहरू गर्ने,

(ञ) उद्धार कार्य समाप्त भएपछि बाँकी रहन आएको मालसामान र नगद तथा तत्सम्बन्धी हिसाब-किताब श्री ५ को सरकारले तोकेको कार्यालयमा बुझाउने ।

१०. भाडा दिइने : दफा ४ को खण्ड (ङ) वा (ज) बमोजिम गैह्र सरकारी कार्यालय, संस्था वा व्यक्तिको कुनै चल अचल सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा सवारी साधन प्रयोग गरेमा त्यसरी प्राप्त गरेको चल अचल सम्पत्ति वा प्रयोग गरेको सवारी साधनको लागि प्रचलित दर अनुसारको भाडा श्री ५ को सरकारले तोकेको पदाधिकारी, संस्था वा उद्धार समितिले सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ ।

तर अचल सम्पत्ति प्राप्त गर्दा बाली लागेको वा लाग्ने जग्गा पनि परेको रहेछ भने नोक्सानी भएको वा हुने बालीको लागि समेत आवश्यक क्षतिपूर्ति दिइनेछ ।

११. मोल दिइने : दफा ४ को खण्ड (झ) बमोजिम गैह्रसरकारी कार्यालय, संस्था वा व्यक्तिबाट खाद्यान्न, लत्ता कपडा, औषधि, निर्माण सामग्री तथा अन्य वस्तुहरू प्राप्त गरेमा त्यस्तो वस्तुको प्रचलित दरबाट हुन आउने मोलको रकम श्री ५ को सरकारले तोकेको पदाधिकारी, संस्था वा उद्धार समितिले सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ ।

४८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. सहयोग गर्ने : उद्धार कार्यमा सघाउ पुर्‍याउन केन्द्रीय समिति, अञ्चल समिति तथा जिल्ला समितिलाई सम्बन्धित क्षेत्र तथा नजिकका क्षेत्रका सबै सरकारी तथा गैह्र सरकारी कार्यालय, संघ संस्था वा व्यक्तिले सहयोग गर्नु पर्नेछ।

१३. कोष : (१) दैवी प्रकोप सहायता कोष निम्न नामबाट खडा हुन सक्नेछ:–

(क) दैवी प्रकोप केन्द्रीय सहायता कोष,
(ख) दैवी प्रकोप अञ्चल सहायता कोष,
(ग) दैवी प्रकोप जिल्ला सहायता कोष।

(२) दैवी प्रकोप केन्द्रीय सहायता कोषमा देहायका रकम रहनेछन्:–

(क) श्री ५ को सरकारले प्रदान गरेको रकम,
(ख) राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम,
(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(३) दैवी प्रकोप अञ्चल सहायता कोष र दैवी प्रकोप जिल्ला सहायता कोषमा देहायका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारले प्रदान गरेको रकम,
(ख) दैवी प्रकोप केन्द्रीय सहायता कोषबाट प्राप्त रकम,
(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(४) कोषको सबै रकम कुनै बैंकमा दैवी प्रकोप सहायता कोषको नाममा जम्मा गरिनेछ।

(५) उद्धार कार्यको लागि गर्नु पर्ने सबै खर्च यसै कोषबाट व्यहोरिनेछ।

(६) कोषको खाताको सञ्चालन सम्बन्धित समितिको निर्णयबमोजिम कम्तिमा दुई जनाको दस्तखतबाट गर्नेछ।

(७) दैवी प्रकोप सहायता कोषको लागि प्राप्त खाद्यान्न, लत्ता कपडा, औषधि, निर्माण सामग्री इत्यादि जिन्सी आम्दानी र खर्चको हिसाब छुट्टै राखिनेछ।

(८) कसैले केही समयको लागि घर, सवारीको साधन, जग्गा इत्यादि दिएकोमा त्यसको अभिलेख पनि राखिनेछ।

१४. लेखा र लेखापरीक्षण : (१) केन्द्रीय समिति, अञ्चल समिति र जिल्ला समितिले प्राप्त गरेको र खर्च गरेको मालसामान वा वस्तु तथा नगद रकमको लेखा प्रचलित कानूनबमोजिम राख्नु पर्नेछ।

(२) केन्द्रीय समिति, अञ्चल समिति र जिल्ला समितिको लेखाको अन्तिम लेखापरीक्षण श्री ५ को सरकारले तोकेको लेखापरीक्षकबाट हुनेछ।

(३) श्री ५ को सरकारले कोषको हिसाब-किताब, सम्बन्धित कागजात र अरू नगदी जिन्सीसमेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. मिह्ना दिने : उद्धार कार्यको लागि सरकारी कार्यालय वा संस्थाबाट खर्च भएको उद्धार सामग्री, साधन तथा नगद रकम मिह्नाको लागि केन्द्रीय समितिले श्री ५ को सरकारसमक्ष सिफारिश गर्न सक्नेछ र त्यसरी सिफारिश भएमा श्री ५ को सरकारले प्रचलित कानूनबमोजिम मिह्ना गर्न सक्नेछ ।

१६. दण्ड सजाय : (१) दफा ४ बमोजिम दिएको आदेश उल्लंघन गर्नेलाई तीन महीनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरीवाना वा दुवै सजाय हुनेछ ।

(२) उद्धार कार्यमा बाधा पुऱ्याउनेलाई छ महीनासम्म कैद वा दुई हजार रूपैयाँसम्म जरीवाना वा दुवै सजाय हुनेछ ।

१७. मुद्दा हेर्ने अधिकारी : यस ऐन अन्तर्गत सजाय हुने कसूरसम्बन्धी मुद्दाको शुरू कारवाई र किनारा गर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी विशेष अदालत ऐन, २०३१ अन्तर्गत गठन गरेको विशेष अदालतलाई हुनेछ ।

१८. श्री ५ को सरकारवादी हुने : यस ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकारवादी हुनेछ ।

१९. श्री ५ को सरकारले निर्देशन दिन सक्ने : उद्धार कार्यको सम्बन्धमा श्री ५ को सरकारले केन्द्रीय, अञ्चल तथा जिल्ला समिति तथा सम्बन्धित कुनै संघ, संस्था, कार्यालय, पदाधिकारी वा व्यक्तिलाई आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशनको पालना गर्नुपर्ने कर्तव्य सम्बन्धित निकाय वा पदाधिकारी वा व्यक्तिको हुनेछ ।

२०. अधिकार प्रत्यायोजन : (१) श्री ५ को सरकारले यस ऐनबमोजिम आफूलाई प्राप्त केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै पदाधिकारी वा समिति वा व्यक्ति वा संस्थालाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) केन्द्रीय समिति वा अन्य समितिले आफूलाई यस ऐनबमोजिम प्राप्त भएको अधिकारमध्ये केही अधिकार कुनै समिति वा व्यक्ति वा संस्थालाई प्रत्यायोजन गर्न सक्नेछ ।

२१. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

२२. बचाउ : यस ऐनमा लेखिएको कुरामा यसै ऐनबमोजिम र अरूमा प्रचलित कानूनबमोजिम हुनेछ ।

आज्ञाले,
४८४
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०३९।९।८।५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।